श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी खोकना प्राथमिक विद्यालयका लागि अडरा अष्ट्रेलिया नामक संस्थाले उपहारस्वरूप प्रदान गरेको १२ (बाह्र) बण्डल कपडा तथा कम्बलहरूको पैठारीमा लाग्ने भन्सार महशूल तथा बिक्रीकर पूर्णरूपले छट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

## सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल टेलिभिजनले आयात गर्ने रू. ५८,७९,५००।– मूल्य बराबरको ५०० वाटको ट्रान्स-मिटर एक र २५ के.भी.ए. को जेनरेटर लगायत अन्य उपकरणहरू तथा रू. ३२,००,०००।– मूल्य बराबरको स्टाण्डबाई जेनरेटर एक र तत्सम्बन्धी अन्य उपकरणहरूमा लाग्ने भन्सार महशूल तथा बिक्रीकर पूर्ण रूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
ईश्वरकुमार श्रेष्ठ
उप-सचिव

श्री ५ को सरकार

## उद्योग मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल औद्योगिक विकास कर्पोरेशन ऐन, २०१६ को दफा २८ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सो कर्पोरेशनको कामकाजको जाँचबुझ गर्न नेपाल राष्ट्र बैङ्क निरीक्षण तथा सुपरिवेक्षण विभागको मुख्य व्यवस्थापक-लाई नियुक्ति गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
राधारमण उपाध्याय
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०८६